# व्यापार विस्तारमा गैरभन्सार अवरोध प्रमुख समस्या

कारोबार संवाददाता

काठमाडौं, १६ वैशाख

वैदेशिक व्यापारको बाधकका रूपमा गैरभन्सार अवरोध अहिलेको प्रमुख समस्याका रूपमा विकसित हुँदै गएको छ । आयातीत वस्तुको माध्यमबाट आफ्नो देशको जनताको स्वास्थ्य, सुरक्षा, व्यापार प्रणाली र संस्कृतिजस्ता पक्षमा आँच नपुगोस् भन्नका लागि सरकारले चालेका कदम अर्थात् गैरभन्सारजन्य प्रबन्ध (नन-ट्यारिफ मिजर्स) नै गैरभन्सार अवरोधका रूपमा देखिएको एक कार्यक्रममा सहभागीले बताएका छन् ।



साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भाइरोन्मेन्ट (सावती) तथा नेपाल उद्योग महासंघद्वारा सोमबार आयोजित 'दक्षिण एसियामा विद्यमान गैरभन्सार अवरोध र तिनको निराकरणको उपाय' नामक अन्तर्क्रियाका सहभागीले भन्सार नाकामा हुने प्रशासनिक अकुशलता, कर्मचारीतन्त्रको बदनियतपूर्ण कार्य, ढिलासुस्ती तथा भौतिक पूर्वाधारको अभाव व्यापार विस्तारका प्रमुख समस्या रहेको बताएका छन् । व्यापार विस्तारका लागि विभिन्न देशबीच सम्झौता भएकाले ती देशले भन्सार दर घटाउँदै लगे पनि गैरभन्सार अवरोध हटाउन क्षेत्रीय र द्विपक्षीयस्तरमा वार्ताका साथै कानुनी, नीतिगत र संस्थागत सुधारको आवश्यकतामा सहभागीको जोड थियो ।

गैरभन्सार अवरोधका कारण दक्षिण एसियामा कुल व्यापार कारोबार लागतको ७५ प्रतिशत खर्च सिर्जना भएको विभिन्न अध्ययनले देखाएका छन् । सन् २००९ मा गैरभन्सार अवरोधकै कारण उपभोग खर्चमा करिब १ अर्ब १६ करोड डलरभन्दा बढी तिर्नुपरेको देखिन्छ । नेपालमा पनि गैरभन्सार अवरोध हटाउनसके वार्षिक औसत ४३ लाख डलर जोगिन सक्ने अनुमान सावतीले गरेको छ ।

वाणिज्य तथा आपूर्ति मन्त्रालयका पूर्वसचिव पुरुषोत्तम ओझाले एउटा देशले आफ्ना लागि सहज नीति बनाउँदा व्यापारमा त्यो अर्को देशका लागि अवरोध बन्ने बताए । उनले भन्सार करबाहेकका सबै अवरोधलाई गैरभन्सार अवरोधका रूपमा लिनुपर्ने तर्क गरे ।

व्यापारमा मुलुकभित्रै रहेका विभिन्न समस्या सरकार र निजी क्षेत्रले निरन्तर छलफलबाट टुङ्ग्याउनुपर्ने भन्दै ओझाले पहिलो समस्याका रूपमा रहेको घरायसी अवरोध हटाउनु जरुरी रहेको बताए । "र व्यापार सहजीकरणका लागि आफूले हटाएका अवरोधबारे अन्य मुलुकलाई पनि जानकारी दिनुपर्छ," उनले भने । गैरभन्सार अवरोध हटाउन भएका कामकारबाही व्यवसायी र उपभोक्तावादी मिलेर सबैलाई जानकारी दिनुपर्ने उनको भनाइ छ ।

कार्यक्रममा वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव जीवराज कोइरालाले अरूले अवरोध भनेका कुरा मुलुकको हितका लागि गरिएका प्रबन्धभित्र पर्ने बताए । "व्यापारमा पनि सरकारले संरक्षण गर्नुपर्छ भन्ने मान्यता विश्वव्यापी छ र त्यसैअनुसार विश्वभर काम भइरहेको छ" उनले भने, "सन् १९९५ मा विश्व व्यापार संगठनले खुला व्यापारको कुरा गर्दा ४ सय वस्तु गैरभन्सार अवरोधमा राखेकोमा २०१३ मा आइपुग्दा यस्ता वस्तु १ हजार ५ सय पुगेका छन् ।"

खुला व्यापारका लागि विश्व व्यापार संगठन र अन्य संघ-संस्था क्रियाशील भए पनि विश्वभर आफ्नो उत्पादनलाई सहुलियत दिने नीति अघि सारिएको कोइरालाको भनाइ छ ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा व्यापार समितिका सभापति शंकरप्रसाद पाण्डेले पूर्वाधारको कमी र प्रभावकारी कर्मचारी संयन्त्र प्रमुख समस्याका रूपमा रहेको बताए । नेपालबाट बंगलादेश तथा भारतमै वस्तु निर्यात गर्दा विभिन्न नेपाली उत्पादनले भन्सारमा अनेकखाले झन्झट बेहोर्नुपरेको उनको भनाइ छ ।

कार्यक्रममा सार्क चेम्बर अफ कमर्सका उपाध्यक्ष प्रदीपकुमार श्रेष्ठले सहभागितात्मक पद्धतिले मात्र गैरभन्सार अवरोध हटाउन सकिने बताए । "यस्ता काममा निजी क्षेत्रलाई बढीभन्दा बढी सहभागी गराउनुपर्छ," उनले भने, "व्यापारमा देखिएका कुनै पनि समस्या समाधानका लागि अन्तर्राष्ट्रियरूपमा रहेका द्विपक्षीय तथा बहुपक्षीय संयन्त्रसँगको वार्ता र प्रकृतिअनुरुपको व्यवहार (केस टु केस नेगोसिएसन) बाट समाधान खोज्न सकिन्छ ।" कार्यक्रममा सावतीका अध्यक्ष पोषराज पाण्डेले व्यापार विस्तार गर्न देखिएका अवरोधको निराकरण हुनुपर्ने बताए । •